

# Nepal Engineers' Association

## Regional Chapter

Pokhara

# 1st Newsletter

# शुभकामना

नेपाल इन्जिनियर्स एशोसिएसन क्षेत्रीय केन्द्र, पोखरा २०४१ सालको स्थापना देखि विभिन्न आरोह र अवरोध पार गर्दै नवौं कार्यकाल पार गर्दैछ । नेपाल इन्जिनियर्स एशोसिएसन क्षेत्रिय केन्द्र, पोखराले स्थापना काल देखि नै इन्जिनियर्सहरूको पेशागत सुरक्षाका साथसाथै हक हितको लागि काम गरिरहेको छ । यस क्षेत्रीय केन्द्र पोखराले यसै वर्षदेखि प्रथम वार्षिक Newsletter प्रकाशन गर्न लागेको यहाँहरू समक्ष सहर्ष जानकारी गराउन चाहन्छु ।

हामी नेपालीहरूको महान् चाड शुभ-विजयादशमी, शुभ-दिपावली, नेपाल सम्बत्, छठ, ईद तथा ल्होछार पर्व २०७५ को पावन अवसरमा सम्पूर्ण ईन्जिनियरहरू तथा देश-विदेशमा रहनुभएको नेपाली दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, सम्बृद्धि, शक्ति, दीर्घायु तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

इन्जिनियर्स एशोसिएसन पोखरा केन्द्रलाई स्थापनाकाल देखि वर्तमान अवस्थासम्म पुऱ्याउन योगदान गर्नुहुने अग्रज ई. डा. भुपेन्द्र अर्याल, ई. कृष्णकान्त सिग्देल, ई. हेमनाथ शर्मा खनाल, ई. विश्वमणि ज्ञवाली, ई. राजेन्द्र कुँवर क्षेत्री, ई. लेख बहादुर गुरूङ्ग, ई. ओम शर्मा, ई. रमेश बास्तोला, नेपाल इन्जिनियर्स एशोसियसन केन्द्रिय समिति र सम्पूर्ण इन्जिनियर साथीहरूमा मुरीमुरी धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि यहाँहरूको पूर्ण सहयोग, सल्लाह, सुझाव र विश्वासको आशा गर्दै यस Newsletter प्रकाशन गर्न सहयोग गर्नुहुने सम्पूर्ण कार्यसमितिका साथीहरूलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

ई. बृजेन्द्र के.सी
अध्यक्ष
नेपाल इन्जिनियर्स एशोसिएसन
क्षेत्रीय केन्द्र, पोखरा

आदरणीय इन्जिनियर साथीहरू !

हजारौं जनताको बलिदानीपुर्ण संघर्षबाट स्थापित संघिय लोकतान्त्रिक गणतन्त्रलाई ऐतिहासिक रूपमा संस्थागत गर्दै राष्ट्रलाई विकास र सम्वृद्धिको दिशातर्फ अग्रसर गराउने महत्वपुर्ण घडिमा आज हामी आएर उभिएका छौं । राष्ट्रनिर्माणको महत्वपुर्ण अभिभारा बोकेको समग्र इन्जिनियरहरूको आधिकारीक पेशागत संगठन "नेपाल इन्जिनियर्स एशोसियसन" ले इन्जिनियरहरूको हकहितप्रति कार्य गर्दै आइरहेको सर्वविधितै छ । इतिहासको सबैभन्दा चुनौतिपुर्ण र संवेदनशिल मोडमा उभिएको इन्जिनियरिंग पेशा आज आएर थुप्रै चुनौतिहरूले घेरीएको छ। "वडा अध्यक्षले इन्जिनियरलाई कुटपिट गरेको", "इन्जिनियरहरू बेरोजगार बस्नुपरेको", "इन्जिनियरहरूप्रति प्रशासकिय हस्तक्षेप भएको", "प्राविधिक जनशक्ति पलायन भएको", "विकृतिको सम्पुर्ण दोस इन्जिनियरहरूलाई दिएर दोसी उम्कन खोजेको" जस्ता दैनिक जसो आउने समाचारहरूले एवं पेशागत गर्वमाथी ठुलो धावा बोलेका छन् । इन्जिनियरहरूको बलियो एकता विना यस्ता खाले समस्या समाधान हुने देखिँदैनन् । यसै सन्दर्भमा इन्जिनियरहरूको ज्ञानको दायरा वृद्धि गर्ने, थप व्यवसायीकरण एवं सामाजिक दायित्व तर्फ समेत सहभागी गराउने उद्देश्यका साथ क्षेत्रीय केन्द्र पोखराले आफ्नो कार्यकालमा थुप्रै कार्यक्रमहरू गर्न सफल भएको छ र यहाँहरूको सहयोगले मात्र यो सम्भव हुन सकेको हो । यी सम्पुर्ण कार्य एवं गतिविधिहरूलाई केन्द्रित गरि यहाँहरू समक्ष पहिलो पटक Newsletter को रूपमा प्रस्तुत गर्न पाउँदा उत्कट खुशीको अनुभुति भएको छ । भावी दिनमा NEA प्रति यहाँहरूको सद्भाव सहकार्य निरन्तर जिवन्त रहन सकोस भन्ने विश्वास गरेको छु ।

सुमन गिरी
सचिव
नेपाल इन्जिनियर्स एशोसियसन
क्षेत्रिय केन्द्र, पोखरा

२०७३/०९/०८ गते ९ कार्यसमिति हस्तान्तरण कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमको प्रमुख अतिथि ने.ई.ए केन्द्रका केन्द्र सदस्य ई. टपेन्द्र बहादुर खड्का र ई. रमेश बास्तोला, अध्यक्ष ८औं कार्यसमितिको अध्यक्षतामा पोखरा कुटुक्ब क्याफेमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रा.ई. विनोद प्रसाद होजूबाट Assessments of Climate Change Indicators, Impacts of CC on Settlement & Infrastructure in Nepal विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा ८५ जना इन्जिनियरहरूको उपस्थिति थियो ।

२०७३/१०/०२ गते १९ औं भुकम्प दिवसमा Earthquake Awareness Program सम्पन्न गरियो । उक्त कार्यक्रमको प्रमुख अतिथि पोखरा लेखनाथ महानगरपालिका का. प्रमुख कार्यकारी अधिकृत श्री दिर्घ नारायण पौडेल हुनुहुन्थो भने Key Note Speaker का रूपमा डा. रञ्जन कुमार दाहाल हुनुहुन्थो । साथै ई. नारायण गुरूङ ज्यूले पनि आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा ११५ जना इन्जिनियरहरूको उपस्थिति थियो ।





२०७३/११/२० गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा र जगदम्बा स्टीलको संयुक्त आयोजनामा "Technical Meet for Rhino 500D" कार्यक्रम पोखराको होटल ग्रण्डमा सम्पन्न भएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका पूर्व अध्यक्ष ई. श्री कृष्ण कान्त सिग्देल हुनुहुन्थो भने कार्यक्रम ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका उपाध्यक्ष ई. श्री राजेश भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा १६५ जना इन्जिनियरहरूको उपस्थिति थियो ।




२०७४/१२/०८ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा र नेपाल टेलिकमको संयुक्त आयोजनामा Talk Program on Emerging Technologies in Banking, Finance & Insurance कार्यक्रम पोखराको टेलिकम भवन रानीपौवामा सम्पन्न भएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि ई. श्री प्रेम क्षेत्री भने कार्यक्रम ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा प्रमुख वक्ता ई. अबिजित भाटे (India) र ई. नर काजी गुरूङले कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा ४५ जना इन्जिनियरहरूको उपस्थिति थियो ।








२०७४/०१/१२ गते विनाशकारी भुकम्प गएको दिन नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा र गण्डकी निर्माण समन्वय समिति (RMC) को संयुक्त आयोजनामा Earthquake Awareness Program in Memory of Gorkha Earthquake कार्यक्रम पोखराको होटल दीप सागर न्यूरोडमा सम्पन्न भएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि ई. श्री उमा शंकर शहा भने कार्यक्रम ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा प्रमुख वक्ता प्रा.डा. गोकर्ण बहादुर मोत्रा र ई. नारायण गुरूङले कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा १०५ जना इन्जिनियरहरूको उपस्थिति थियो ।



२०७४/०१/१५ गते Interactive Workshop on "Lightning Protection" विषयक कार्यशाला Nepal Academy of Science and Technology, नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा र स्कुल अफ ईन्जिनियरिङ्ग पोखरा विश्व विद्यालय संयुक्त आयोजनामा NAST का उपकुलपति प्रा.डा जिवराज पोख्रेल, प्रमुख अतिथि र अतिथि NEA केन्द्रका अध्यक्ष ई. हरेराम श्रेष्ठ कार्यक्रम ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री राजेश भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ६४ जना इन्जिनियरहरूको उपस्थिति थियो ।










ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, SONA र हाम्रा स्टीलको संयुक्त आयोजनामा "Good Construction Practices" कार्यक्रम पोखराको होटल बाराहीमा सम्पन्न भएको थियो । सो कार्यक्रमको पो.ले.म.न.पा. का मेयर श्री मान बहादुर जि.सीको प्रमुख अतिथि सम्पन्न भएको थियो । सो कार्यक्रममा १६० जना इन्जिनियरहरूको उपस्थिति थियो ।








२०७४/०४/०१ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, Engineer WIVES Society / La Grandee International College संयुक्त आयोजनामा "Blood Donation Program" पोखराको La Grandee International College मा सम्पन्न भएको थियो। सो कार्यक्रमको प्रमुख अतिथि देव राज चालिसे र ने.ई.ए क्षेत्रिय केन्द्र पोखरका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा ७० जनाबाट रक्तदान कार्यक्रम सम्पन्न भएको थियो।





२०७४/०४/०२ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, Asian Paints संयुक्त आयोजनामा रङ्ग वितरण कार्यक्रम पो.ले.म.न.पा-०६ को Shree Annapurna Basic School मा सम्पन्न भएको थियो। सो कार्यक्रमको प्रमुख अतिथि शिवजी कुँवर र ने.ई.ए क्षेत्रिय केन्द्र पोखरका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा २० जना इन्जिनियरहरूको उपस्थिति थियो।






२०७४/०४/०२ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, Asian Paints, Artect र NWSC पोखराको संयुक्त आयोजनामा विन्ध्यवासिनी मन्दिर परीसर सरसफाई कार्यक्रम सम्पन्न भएको थियो। सो कार्यक्रमको प्रमुख अतिथि रमेश बास्तोला र ने.ई.ए क्षेत्रिय केन्द्र पोखरका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा ४० जना इन्जिनियरहरूको उपस्थिति थियो।









२०७४/०४/०२ गते नेपाल ईन्जिनियर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, Asian Paints संयुक्त आयोजनामा 55th Engineer's Day सम्पन्न भएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि ई. भिम प्रसाद उपाध्याय र ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा डा. मुरली रञ्जीतकार, सन्तोष पौडेल, Han Heijnen Team Leader SIEUC द्वारा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा ११० जना इन्जिनियरहरूको उपस्थिति थियो ।






५५ औं इन्जिनियर दिवस सम्पन्न

मिठु नेपालीको स्वास्थ्यमा सुधार

२०७४/०६/०५ गते नेपाल ईन्जिनियर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा Celebrate Greeting Exchange and Membership Directory Release Program at Hotel Deep Sagar, Newroad मा सम्पन्न भएको थियो । सो कार्यक्रमको प्रमुख अतिथि गोविन्द प्रसाद शर्मा रजिस्टार पोखरा विश्व विद्यालय र ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका सस्थापक प्रथम अध्यक्ष ई. कृष्ण कान्त सिग्देललाई सम्मान गर्न कार्यक्रम सम्पन्न भएको थियो । साथै डा. केशव बस्नेतद्वारा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा ७२ जना इन्जिनियरहरूको उपस्थिति थियो ।










२०७४/०७/२४ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, Hotel Deep Sagar, Newroad मा Nepal's High Dam Hydro Electric Projects and India's involvement शिर्षकमा डा. विष्णु शर्मा नेपाल Chief Executive Officer Water Plan Nepal Pvt. Ltd. द्वारा कार्यक्रमको कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रम नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बिजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो ।




२०७४/११/०२ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, Hotel Deep Sagar, Newroad मा Tunnel Excavation by TBM and Quality Control on Segment Concrete शिर्षकमा ई. जगदिश्वरमान श्रेष्ठद्वारा कार्यक्रमको कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रम नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो र प्रमुख अतिथि ई. शिशिर कोईराला क्षेत्रीय सिचाई निर्देशक हुनुहुन्थ्यो । उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो ।










२०७५/०१/२५ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, Hotel Deep Sagar, Newroad मा Geomorphology of Pokhara Valley and Impact of Geo-hazards to Engineering Infrastructure by Prof. Dr. Monique Fort and Construction Practices in Nepal without consideration of engineering Geology by: Er. Narayan Gurung, Senior Geo-tech Engineering कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रम नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो ।





२०७५/०२/१३ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा र नेपाल इन्जिनियर एशोसियसन केन्द्रिय समितिद्वारा संयुक्त रूपमा समन्वय सभा तथा विधान संसोधन प्रस्ताव सम्बन्धि अन्तर्क्रिया पोखराको टुकी रेष्टुरेण्टमा सम्पन्न भयो । उक्त कार्यक्रममा ६० जनाको सहभागीता रहेको थियो ।



२०७५/०३/११ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा Workshop on Tencho-Entrepreneurship "Where the left Brain meets the Right Brain" by Ganga Sharma from India. उक्त कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो । कार्यक्रम सयपत्री पार्टी प्यालेसमा सम्पन्न भएको थियो ।




२०७५/०३/१९ नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा Inter Relationship Between Meditation and Profession for Blessful Living शिर्षकमा Er. Arn Sawmi द्वारा Osho Upaban, Dovilla, Pokhara मा प्रवचन दिनुभयो । जसमा जम्मा ६० जनाको सहभागिता रहेको थियो ।



२०७५/०३/३० गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, 1st Engineers Futsal Tournament 2018, Top Corner Futsal, Nadipur मा सम्पन्न भयो । उक्त कार्यक्रम ५६ औं ईन्जिनियर्स दिवस अर्न्तगतको कार्यक्रममा १६ टिमको सहभागिता रहेको थियो। नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो र उक्त कार्यक्रममा १०० जनाको सहभागिता रहेको थियो ।



२०७५/०३/३१ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा 56th  Engineers Day Celebrating Events "Cleaning Program at Public Place Program" Shree Tal Barahi Temple Cleaning Program सम्पन्न भयो। उक्त कार्यक्रम नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो र उक्त कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो।




२०७५/०३/३२ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, 56th Engineers Day Celebration Events Blood Donation Program, Paschimanchal Campus, Lamachaur, मा सम्पन्न भयो। नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षता मा सम्पन्न भएको थियो र उक्त कार्यक्रममा ५८ जनाले रक्तदान गरेका थिए। र साथै महिला ब्याडमिन्टन कार्यक्रम पनि सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा ७० जनाको सहभागिता रहेको थियो।







२०७५/०४/०१ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराद्वारा, सार्दीखोला अर्न्तगत सरस्वती प्रा.वि. मा रंग वितरण कार्यक्रम सम्पन्न भयो। नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. बृजेन्द्र के.सी. को अध्यक्षतामा सम्पन्न भएको थियो र साथै महिला ब्याडमिन्टन कार्यक्रम पनि सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो।





२०७५/०४/०२ गते नेपाल ईन्जिनियरर्स एशोसिएसन क्षेत्रिय केन्द्र पोखरा, Asian Paints संयुक्त आयोजनामा 56th Engineer's Day सम्पन्न भएको थियो। सो कार्यक्रमको प्रमुख अतिथि ई. दिपकबाबु कँडेल, ने.ई.ए क्षेत्रिय केन्द्र पोखराका अध्यक्ष ई. श्री बृजेन्द्र के.सीको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा प्रो. कर्मनाथ डङ्गोलद्वारा

Croudsourcing in the Age of Machine Learning / Artificial Intelligence, र प्रो. डा. अमृतमान नकर्मी द्वारा Harnessing Renewable Energy for Sustainable Development & Energy Security, Nepal कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा १३० जना इन्जिनियरहरूको उपस्थिति थयो ।





नेपाल ईन्जिनियर्स ाले Talk Programme and Development from University of प्रस्तुत गर्नुभएको थियो । Newroad मा सम्पन्न जनाको सहभागिता रहेको



२०७५/०७/०१ गते एशोसिएसन क्षेत्रिय केन्द्र पोखर on Transport Management, & Parking Management Tokyo, Japan द्वारा कार्यक्रम कार्यक्रम Hotel Deep Sagar, भएको थियो । उक्त कार्यक्रममा ४० थियो ।


## NEA Newsletter

**ADVISORS:**

Er. Brijendra K.C.
Er. Suman Giri
Er. Kiran K.C.
Er. Binod Prasad Heyjoo

**EDITOR:**

Er. Rajesh Bhattarai
Er. Nar Kaji Gurung
Er. Santosh G.C.


**Nepal Engineers' Association (NEA)**
**Regional Chapter Pokhara**

# नेपाल इन्जिनियर्स एशोसियसन
## क्षेत्रीय केन्द्र, पोखरा

# नवौं कार्यसमिति २०७३-२०७५



ई. बृजेन्द्र के.सी
अध्यक्ष



ई. राजेस भट्टराई
उपाध्यक्ष



ई. सुमन गिरी
सचिव



ई. सन्तोस जि.सी.
कोषाध्यक्ष



ई. नर काजी गुरुङ्ग
सह–सचिव

## सदस्यहरु



प्रा.ई. विनोद प्रसाद हेजू



ई. किरण के.सी.



ई. अनुज शेरचन.



आ. रेखा लामिछाने वाग्ले